**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १४ जून २०२५**
**समयः १८:५० - १९:०० बजे**

**मुख्य समाचार**

- सिक्किमको नाथुला भएर कैलाश मानसरोवर तीर्थ यात्रा जाने पहिलो जत्था सिलगड़ी हुन्दै भोली आन्तोक आइपुग्ने छ।
- उत्तर बंगालमा हात्तीहरूको आक्रमणले मानिसहरूको ज्यानमालको रक्षा गर्न राज्य वन विभागले हात्ती छिर्ने जंगल क्षेत्रमा ७२ किलोमिटर क्षेत्रमा ब्याट्री संचालित बार लागाउने
- सियलादह जलपाईगुड़ी रोड पहिलो हमसफर ट्रेन आज देखि शुरू भएको छ।
- विश्व रक्तदाता दिवसमा आज दार्जीलिङ पहाड़ तराई , डुर्वस विभिन्न रक्तदान शिविरहरू आयोजित गरियो।
- हिजो राति भूटानमा भूकम्प गयो।
- उत्तर बंगाल दुई दिन कबड्डी चम्पियनशीप आज देखि शुरू भएको छ।

**कैलाश मानसरोवर यात्रा**

कैलाश मानसरोवर यात्राका लागि तीर्थ यात्रीहरूको पहिलो समूह भोलि सिक्किमको राजधानी गान्तोक पुग्नेछ। सिक्किम सरकारले उनीहरूलाई स्वागत गर्न सबै आवश्यक व्यवस्था गरेको छ। पाँच वर्षको अन्तरालपछि २० जुनबाट कैलाश मानसरोवर यात्रा सुरु हुँदैछ। आकाशवाणी संवाददातासँग कुरा गर्दै पर्यटन तथा नागरिक उड्डयन विभागका अतिरिक्त मुख्य सचिव सीएस रावले भन्नु भयो, मुख्यमन्त्री प्रेम सिंह तामाङले नाथुला दर्राबाट हरियो झण्डा देखाएर यात्राको सुरुवात गर्नु हुनेछ। उहाले ३५ जना तीर्थयात्रीहरूको समूह भोलि केही सरकारी अधिकारीहरूसँगै गान्तोक पुग्ने बताउनु भयो। उनीहरू चार दिन बस्नेछन् र यस अवधिमा वरिष्ठ सेना र सरकारी अधिकारीहरूले उनीहरूलाई आवश्यक जानकारी दिनेछन्। श्री रावले सबै तीर्थयात्रीहरूलाई आवश्यक चिकित्सा सुविधा र अन्य उपकरणहरू प्रदान गरिने बताउनु भयो। उहाले राज्य र केन्द्र सरकारका धेरै संस्थाहरूले सहज यात्रा सुनिश्चित गर्न निरन्तर प्रयास गरिरहेको बताउनु भयो। तीर्थयात्रीहरूको प्रत्येक समूहले ११ देखि १२ दिनमा कैलाश मानसरोवर यात्रा पूरा गर्नेछन्। यस वर्ष नाथुला दर्राबाट कैलाश मानसरोवर यात्राको लागि कुल दसवटा समूह पठाइनेछ।

BYTE

**हात्तीको ताण्डव- ब्याट्री बार**

विगत केही महिनाहरूमा उत्तर बंगालका धेरै जिल्लाहरूमा हात्तीको आक्रमणबाट मानिसहरूले ज्यान गुमाएका छन् भने धेरै अन्नबालीको नष्ट पनि भएको छ। यी घटनाहरूबाट आक्रोशित स्थानीय जनताको सुरक्षालाई प्राथमिकता दिंदै, राज्य वन विभागले जंगलसँग जोडिएको ७२ किलोमिटर क्षेत्रमा ब्याट्रीबाट चल्ने बार लगाउने निर्णय गरेको छ। वन विभाग अनुसार, हालैका दिनहरूमा सिलिगडी उपखण्ड, जलपाईगडी र अलिपुरद्वार जस्ता जिल्लाहरूमा बाघ र हात्तीको आवागमन धेरै बढेको छ। यसका कारण धेरै मानिसहरूको मृत्यु भएको छ र सयौं बिघा खेतबारी, घर, पसल र विद्यालयहरू क्षतिग्रस्त भएका छन्। यसक्रममा उत्तर बंगालका प्रमुख वन संरक्षक एस.के. मोलेले आज भन्नु भयो, वन विभागले बार लगाउने मात्र होइन, जंगल भित्र हात्तीहरूको लागि खाद्य भण्डार पनि तयार गरिरहेको छ ताकि तिनीहरू मानव क्षेत्रतिर नफर्कून्। उहाले जलपाईगडी जिल्लाको ७२ किलोमिटर लामो क्षेत्रमा ब्याट्रीबाट चल्ने बार लगाइने बताउनु भयो। यसका लागि प्रत्येक किलोमिटरको बार लगाइनु चार लाख रुपियाँ खर्च लाग्ने छ। यस योजनाको सर्वेक्षण सम्पन्न भएको छ भने काम चाँडै सुरु हुनेछ।

**मिरिक झिल- माछा**

पर्यटकीय दृष्टिले प्रसिद्ध मिरिक झीलको पानी दूषित भएपछि दर्जनौं माछाहरू मरेको घटनाले सबैको ध्यान खिचेको छ। स्थानीय बासिन्दा र पर्यटकहरूका अनुसार, झीलको पानी अत्यधिक फोहोर भएको देखिएको छ, जसका कारण पानीमा रहेका जीवहरू, विशेषगरी माछाहरूको मृत्यु भएको हो। झिलमा फोहोर पानी, प्लास्टिकजन्य पदार्थ, नालाबाट बगेर आएको फोहर तथा रसायनका कारण झीलको पानीको गुणस्तरमा ह्रास आएको अनुमान गरिएको छ। मिरिक झीलको संरक्षणका लागि तत्काल पहल नलिए यसले भविष्यमा पर्यटन र वातावरण दुवैमा गम्भीर असर पार्ने खतरा देखिएको छ।

**खरसाङ- वाहन दुर्घटना**

खरसाङको सात घुम्तीमा आज बिहान एउटा वाहन दुर्घटना भएको छ। सिलिगडीको झङ्कार मोडका पाँचजना यात्रु सवार वाहन ब्रेक फेल भएर अनियन्त्रित भई डिभाइडरमा ठोक्किँदा दुर्घटना भएको थियो । दुर्घटनामा पाँचै जना यात्रु घाइते भएका छन्। घटनास्थलमा पुगेका जीटीए कार्यकारिणी सभासद अनोश थापाले घाइतेहरूलाई आफ्नो निजी वाहनमा राखेर तत्काल खरसाङ महकुमा अस्पताल पुऱ्याएको जानकारी प्राप्त भएको छ । घाईते बनेका पाँचजनामा एकजनाको अवस्था चिन्ता जनक रहेको बताइएको छ।

**हमसफर एक्सप्रेस- उद्घाटन**

सियालदह हमसफर एक्सप्रेस रेलगाडी आजबाट शुरु भएको छ। हमसफर एक्सप्रेस जलपाईगडी रोडबाट दिउँसो २ बजे छुटेको छ। उत्तर बंगालका यात्रुहरू नयाँ रेलबाट खुसी अनि उत्साहित छन्। जलपाईगडीका सांसद जयन्त राय अनि रेलवे अधिकारीहरूले जलपाईगडी रोडबाट रेलको औपचारिक उद्घाटन गरे। यस सम्बन्धमा पूर्वोत्तर सीमान्त रेलवेका प्रमुख जनसम्पर्क अधिकारी कपिन्जल किशोर शर्माले भन्नु भयो, "जलपाईगडी-सियालदह हमसफर एक्सप्रेस रेलको शनिबार आधिकारिक उद्घाटन गरिएको छ। यो रेल शनिबार दिउँसो २ बजे जलपाईगडी रोडबाट छुटेको थियो। रेल आइतबार बिहान ४ बजेसम्म सियालदह पुग्नेछ। रेल २० जुनदेखि पूर्ण गतिमा चल्नेछ। रेलमा २२ वटा कोचहरू छन्।" प्राप्त जानकारीका अनुसार यो रेल गाडी जलपाईगडी रोडबाट छुट्नेछ भने एनजेपी, अलुबारी रोड, किशनगञ्ज, बारसोई जंक्शन, सम्सी, माल्दा टाउन, न्यू फरक्का, जंगीपुर रोड, अजिमगञ्ज जंक्शन, बर्हमपुर कोर्ट, कृष्णनगर सिटी जंक्शन, रानाघाट र नाइहाटी स्टेशनमा रोकिएपछि बिहान ४ बजे सियालदह पुग्नेछ।

**रक्तदाता दिवस**

आज विश्वभरी रक्तदाता दिवस पालन गरन्दिैछ। यस अवसरमा दार्जीलिङ पहाड़ तथा सिलगड़ी अनि तराई , डुर्वसमा पनि रक्तदान शिविरहरूको आयोजना गरिएको छ। पहाड़का सदर अस्पतालहरूमा पनि रक्तदान कार्यक्रम आयोजित गरियो। रक्तदााताहरूको सम्मानमा वर्ष २०१४ देखि वर्ष नै रक्तदाता पालन गरिन्छ। रक्तदान जीवन दान, रक्तदान महादान, रक्तदान पूण्यको कामका नाराहरूका साथ रक्तदान गर्न मानिसहरूलाई ०Tेरित गरिन्छ तथा रक्तदान गर्नेहरूलाई सम्मान गरिन्छ।यसै विषयलाई लिएर आकाशवाणी खरसांगले आज अबेर साँझ ८ बजेर ३० मिनट अनि भोली बिहान एघार बजी एक विषोष वार्ता प्रसारित गर्नेछ। ड़ा. सौरभ बैरी एम.डी सित को रोशनी छेत्रीको यस वाार्ता एफ.एम - १०३.५ र १०१३.३ अनि एआईआर रेडियो ऐप अनि अल इण्डिया रेडियो कर्सियाङ मा गएर सुन्न सक्नुहुनेछ।

**रक्तदान- डीएचआर**

दार्जीलिङ हिमालयन रेलवे अनि सिलगड़ीको एक निजी ब्लड सेन्टरको संयुक्त आयोजनामा खरसाङ रेल्वे स्टेशनमा रक्तदान शिविर सम्पन्न भयो। प्रमुख अतिथि डीएचआर निर्देशक ऋषभ चौधरीको उपस्थितिमा कार्यक्रमको उद्घाटन गरिएको थियो। समुदायमुखी कार्यक्रम अन्तरगत प्लेटफर्म नं. १ मा दुई दिने चलचित्र महोत्सव पनि आयोजना गरिएको छ, हिजोदेखि शुरु भएको चलचित्र महोत्सव राती ८ बजे सम्म सञ्चालन हुनेछ। यो कर्यक्रम भोली सिलगढीमा समापन हुनेछ I

**एसएसबी – स्वस्थ्य शिविर**

आठौ वाहिनी  सशस्त्र सीमा बाल खप्रेलद्वारा भारत नेपाल सिमा क्षेत्रमा अवस्थित  पशुपति फाटक क्षेत्रको गैरी गाउँमा कमान्डेन्ट मितुल कुमारको निर्देशनमा  नि:शुल्क स्वास्थ्य जाँच शिविर आयोजना गरिएको छ I  शिविरमा सुके पोखरी प्राथमिक स्वास्थ्य केन्द्रका डा. उदित झाको विशेष उपस्थिति रहेको थियो I  शिविरमा  नि:शुल्क औषधि वितरण र परामर्श गरिएको थियो। शिविरमा गैरी गाउँ र नजिकका अन्य गाउँका १०५ जनाले स्वास्थ्य जाच गराएका छन् I

**भुटान- भूकम्प**

भुटानमा हिज अबेर  राति र भूकम्पको झट्का  महसुस गरियो। राष्ट्रिय भूकम्प विज्ञान केन्द्र (NCS) को एक विज्ञप्तिमा भनिएको छ कि भुटानमा ३.५ म्याग्निच्युडको भूकम्प गएको छ। भूकम्प  १० बजेर ४२ मिनटतिर १० किलोमिटरको गहिराइमा गएको थियो।  भूकम्पीय गतिविधिका लागि परिचित हिमालय पर्वतमा अवस्थित भएको कारणले गर्दा भुटान भूकम्पको जोखिममा छ। यो देश भारतीय र युरेशियन टेक्टोनिक प्लेटहरू बीचको सिमानामा अवस्थित रहेको कारण प्लेटहरू एक आपसमा ठोक्किदा हिमालय पर्वतहरू माथि उठ्ने भएकोले  क्षेत्रमा  बारम्बार भूकम्प आउने गर्दछ  । यसबाहेक  भुटानमा  पहिरो, बाढी र हिमनदीको झिल फुटेर  बाढी जस्ता अन्य प्राकृतिक प्रकोपहरूको खतरा रहेको छ ।

**मरमा- सडक**

मिरिक बजारको मरमा मिरिक बस्ती मोटर स्ट्यान्डदेखि पहिला गाउँ,स्कुल डाडा अनि डुपटीन हुदै मरमा चियाबारीलाई जोड्ने सडकमा  केही दिनपछि यातायात  सुचारु  हुने जानकारी २४ नम्बर समष्टिका सभासद मिलेश राईले जानकारी गराउनु भएको छ I उहाले सडकको अवस्था जीर्ण बनेपछि गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन मार्फत प्रथम चरणको कार्यमा सिमेन्टको ढलान कार्य सम्पन्न  भैसकेको बताउनु भएको छ I यसबाहेक उहाले बर्खायामपछि सडकमा अलकत्र विछयाउने कार्य पनि हुने बताउनु भएको छ I

****** ० ******